विषय : गणित

सिकाइ सिँढी कक्षा : ३ (Learning Ladder Grade : 3)

Subject: Mathematics



बहुकक्षा बहुस्तर शिक्षण सिकाइ

रुजुसूचि (Checklist)

विषय (Subject) : गणित (Mathematics) | कक्षा (Grade) : 3 (Three)

थिम/ विषयवस्तुको क्षेत्र (Theme/Content Area)	जम्मा कार्यघन्टा (Total Credit Hours)	माइलस्टोन नं. (Milestone No.)	क्रियाकलापहरू (Activities) / माइलस्टोन (Milestone)	अनुमानित पाठ्यघन्टा (Tentative Working Hours)	बालगीत / कोइली (Cuckoo)	कक्षाकोठा बाहिरी क्रियाकलाप / पेन्गुइन (Penguin)	परिचयात्मक अभ्यास / मयूर (Peacock)	चित्र वर्णन / भँगेरा (Sparrow)	सङ्ख्याको संरचना / रबर सङ्ख्या (Rubber Number)	जोड / भाले (Cock)	घटाउ / सुगा (Parrot)	गुणन / अष्ट्रिच (Ostrich)	भाग / गिद्ध (Vulture)	शाब्दिक समस्या / लाटोकोसेरो (Owl)	लेखाइ अभ्यास / किङफिसर (Kingfisher)	सङ्ख्याको ज्ञान / सङ्ख्यापत्ती (Number cards)	अभ्यास / राजहाँस (Swan)	परियोजना कार्य / डाँफे (Danfe)	सामूहिक खेल / कालिज (Kalij)	सवलीकरण अभ्यास / काग (Crow)	जोडा मिलाउ / काठफोर (Woodpecker)	मूल्याङ्कन / हाँस (Duck)	लेखन अभ्यास / बट्टाइ (Quail)	पुनर्अभ्यास / परेवा (Pigeon)	अतिरिक्त अभ्यास / चमेरो (Bat)	पजल / सुनचरी (Humming Bird)	थिमको मूल्याङ्कन / चिल (Eagle)	जम्मा सिकाइ कार्ड (Total Learning Cards)	सिकाइ उपलब्धिहरू (Learning Outcomes)	व्यवहारकुशल सिपहरू (Soft Skills)
मेरो दैनिक जीवन १	2	1	समय १	2	1		1							1,2			1					1	1				1	8	घडी हेरी घण्टा, मिनेट र सेकेण्डमा समय भन्न र लेख्न	रचनात्मक सोच सिप (S1.3)
सङ्ख्याको ज्ञान	15	2	पाँच अङ्कसम्मका सङ्ख्याहरू	10			2-4							3	1		2,3		1	1		2,3,4	2	1,2	1,2			17	पाँच अङ्कसम्मका सङ्ख्याहरूलाई देवनागरी र हिन्दु अरेबिक सङ्ख्याङ्कमा स्थानमान तालिकामा प्रस्तुत गर्न, स्थानमान भन्न, पढ्न र लेख्न	प्रयोग सिप (S1.1)
																													१००० सम्मका सङ्ख्याहरूलाई देवनागरी र हिन्दु अरेबिक सङ्ख्याङ्कन पद्धतिअनुसार अक्षरमा पढ्न र लेख्न	सिकाइ सिप (S1.2)
		3	सङ्ख्याहरूको तुलना	2		1								4	2		4					5						5	चार अङ्कसम्मका सङ्ख्याहरूलाई सङ्केतहरू =, >, < प्रयोग गरी तुलना गर्न	समालोचनात्मक सोचाइ सिप (S1.4)
		4	सङ्ख्याको ढाँचा	3						1							5					6	3				2	5	सङ्ख्याको ढाँचा पहिचान गर्न	रचनात्मक सोच सिप (S1.3)
हाम्रो समुदाय	20	5	सङ्ख्याहरूको बढ्दो र घट्दो क्रम	3			5								3		6					7						4	चार अङ्कसम्मका सङ्ख्याहरूलाई बढ्दो वा घट्दो क्रममा पढ्न र लेख्न	रचनात्मक सोच सिप (S1.3)
		6	स्थानीय सङ्ख्याङ्कन पद्धतिमा २० सम्मका सङ्ख्याहरू	4				1												2					3			3	स्थानीय सङ्ख्याङ्कन पद्धतिमा २० सम्म पढ्न र लेख्न	प्रयोग सिप (S1.1)
		7	भिन्न	9			6							5-7	4		7,8				1	8	4	3				11	आधा, एक चौथाइ, तीन चौथाइ, एक तिहाइ र दुई तिहाइलाई भिन्नको रूपमा लेख्न	सिकाइ सिप (S1.2)
																													भिन्नहरू $\frac{1}{2}$, $\frac{1}{4}$, $\frac{3}{4}$, $\frac{1}{3}$, $\frac{2}{3}$ लाई सामग्री प्रयोग गरी देखाउन	प्रयोग सिप (S1.1)
																													चित्रद्वारा माथिका भिन्नहरूमध्ये कुनै दुई ओटा भिन्नहरू तुलना गर्न	समालोचनात्मक सोचाइ सिप (S1.4)
		8	लम्बाइ १	4			7							8,9			9	1				9		4	4		3	9	विभिन्न वस्तुको लम्बाइ मिटर वा सेन्टिमिटर स्केलमा अनुमान गर्न, नाप्न र पुष्टि गर्न	समालोचनात्मक सोचाइ सिप (S1.4)
मेरो सिर्जना	16	9	रेखाहरू	3	2													2, 3				10,11	5	5	5,6			9	दिइएको वस्तुको किनारा वा रेखाखण्डको नाप लिन र दिइएको नापको रेखाखण्ड खिच्न	प्रयोग सिप (S1.1)
		10	कोणहरू	7		2	8,9										10			3		12	6	6				8	वरपर पाइने ठोस वस्तु मा बनेका कोणहरू देखाउन	सिकाइ सिप (S1.2)
																													रुलरको प्रयोग गरी कोणहरू खिच्न, नाम लेख्न र तुलना गर्न	समालोचनात्मक सोचाइ सिप (S1.4)
																													समकोण पहिचान गर्न	सिकाइ सिप (S1.2)
		11	ज्यामितीय आकारहरू	6			10-13	2						10	5			4,5				13	7	7	7		4	14	सिधा किनारा (straight edge) भएको वस्तु र सिसाकलम प्रयोग गरी त्रिभुज र चतुर्भुज खिच्न र नाम लेख्न	प्रयोग सिप (S1.1)
																													आयताकार र वर्गाकार सतह पहिचान गर्न	सिकाइ सिप (S1.2)
गणितका आधारभूत क्रिया	39	12	जोड	8			14			2-4							11,12					14,15	8	8	8			11	योगफल १०,००० सम्म आउने चार अङ्कसम्मका सङ्ख्याहरूको जोड गर्न	सिकाइ सिप (S1.2)
		13	घटाउ	10			15				1-10			11, 12			13, 14		2			16	9	9	9			20	जोड र घटाउबिचको सम्बन्ध पहिचान गर्न	रचनात्मक सोच सिप (S1.3)
																													चार अङ्कले बनेका सङ्ख्याहरूको घटाउ गर्न	सिकाइ सिप (S1.2)
		14	गुणन	11			16					1-16					15 -18			4		17,18		10				25	तीन अङ्कसम्मको सङ्ख्यालाई दुई अङ्कसम्मको सङ्ख्याले गुणन गर्न	सिकाइ सिप (S1.2)
		15	भाग	10			17-20						1 -12				19 -22					19,20	10	11	10		5	26	तीन अङ्कसम्मको सङ्ख्यालाई १० सम्मको सङ्ख्याले भाग गर्न	सिकाइ सिप (S1.2)
मेरो दैनिक जीवन २	6	16	समय २	6			21 -23							13-15			23 -26					21					6	12	समयका एकाइहरूबिचको सम्बन्ध पहिचान गर्न (वर्ष, महिना, हप्ता, दिन, घण्टा, मिनेट र सेकेण्ड)	सिकाइ सिप (S1.2)
																													कुनै काममा लागेको समय पत्ता लगाउन	सिकाइ सिप (S1.2)
सञ्चार प्रविधि र बजार	27	17	मुद्रा	7				3		5, 6	11, 12	17, 18		16-19			27 -31					22-23			11			19	रुपियाँलाई पैसामा र पैसालाई रुपियाँमा रूपान्तर गर्न	प्रयोग सिप (S1.1)
																													मुद्रा सम्बन्धी जोड र घटाउ गर्न	सिकाइ सिप (S1.2)
		18	क्षमता	7				4		7	13						32	6, 7				24	11	12	12			10	लिटर र मिलिलिटरको सम्बन्ध बताउन	रचनात्मक सोच सिप (S1.3)
																													विभिन्न क्षमताका भाँडाहरूको क्षमता लिटर र मिलिलिटर एकाइमा नाप लिन	प्रयोग सिप (S1.1)
																													लिटर र मिलिलिटरसम्बन्धी जोड र घटाउ गर्न	सिकाइ सिप (S1.2)
		19	लम्बाइ २	5			24, 25								6		33					25						5	मिटर, सेन्टिमिटर र मिलिमिटरको सम्बन्ध बताउन	रचनात्मक सोच सिप (S1.3)
																													मिटरलाई सेन्टिमिटर र सेन्टिमिटरलाई मिलिमिटरमा रूपान्तर गर्न	प्रयोग सिप (S1.1)
		20	तौल	5			26										34			5		26	12	13				6	वस्तुहरूको तौलको अनुमान गर्न र नापद्वारा यकिन गर्न	समालोचनात्मक सोचाइ सिप (S1.4)
																													किलोग्रामलाई ग्राममा रूपान्तर गर्न	प्रयोग सिप (S1.1)
		21	चित्रग्राफ	3			27										35					27			13		7	5	चित्रग्राफ बनाउन	रचनात्मक सोच सिप (S1.3)
नाप	3	22	क्षेत्रफल	3			28							20, 21			36 -38					28	13				8	9	वर्ग कोठाहरूको सङ्ख्या गनेर वर्गाकार वा आयताकार समतलीय सतहको क्षेत्रफल पत्ता लगाउन	प्रयोग सिप (S1.1)
जम्मा	**128**			**128**	**2**	**2**	**28**	**4**		**7**	**13**	**18**	**12**	**21**	**6**		**38**	**7**	**2**	**5**	**1**	**28**	**13**	**13**	**13**		**8**	**241**		

पूर्ण शिक्षक सहयोग समूह

Fully Teacher Supported Group

आंशिक शिक्षक सहयोग समूह

Partial Teacher Supported Group

सहपाठी सहयोग समूह
१
२
Peer Supported Group

स्वयम् सिकाई समूह

Self Learning Group

समय

लामो सुई घुम्दै घुम्दै, बाह्र तिर गयो
छोटो सुई छ मा आयो, छ बजे भयो
सुई सुई मिनेट सुई, गयो हेर
साढे छ मा पुगिसक्यो, छ के अङ्क नेर

छ बजे उठी हामी, हात मुख धुने
सात बजे खाजा खाई, पढ्न लेख्न जाने
घडीको सुई घुम्दै घुम्दै, नौ तिर गयो
अब खाना खाई, स्कूल जाने बेला भयो

लामो सुई फेरि हेर, बाह्र तिर गयो
छोटो सुई दशमा पुग्यो, घण्टी बज्न लाग्यो
तीनमा पुग्दा सवा, छ मा पुग्दा साढे
नौमा आउँदा पौने हुन्छ, भन्छन् हाम्रा बाले

सुई घुम्दै घुम्दै, घडीले कथा सुनाउँछ
घण्टा मिनेट नाप्दै, समय सँगै नचाउँछ
झ्याउरे लयमा नाचौँ, ताली बजाऔँ
समयको तालमा, हाँसो र खुशी बाँडौँ

घण्टा र मिनेट (Hour and Minute)

तल दिइएका घडीहरूमा समय हेर्ने भनी सरोज र कमल छलफल गर्दै गर्दा रमिता आइपुगिन् र उनले निम्नअनुसार जानकारी दिइन् :

	छोटो सुई 10 मा र लामो सुई 12 मा छन् । त्यसैले यस घडीमा ठिक 10 बज्यो । अर्थात् यस घडीमा 10:00 बजेको छ ।
	छोटो सुई 3 र 4 का ठिक बिचमा छ । लामो सुई 6 मा छ । त्यसैले यस घडीमा 3 बजेर 30 मिनेट गएको छ । यसलाई 3:30 लेखिन्छ । 3:30 लाई साढे तीन पनि भनिन्छ ।
	यस घडीमा छोटो सुई 7 र 8 का बिचमा 7 को नजिक छ । लामो सुई 3 मा छ । त्यसैले यस घडीमा 7 बजेर 15 मिनेट गएको छ । यसलाई 7:15 लेखिन्छ । 7:15 लाई सवा सात पनि भनिन्छ ।
	यस घडीमा छोटो सुई 5 र 7 का बिचमा छ । लामो सुई 9 मा छ । त्यसैले यस घडीमा 5 बजेर 45 मिनेट गएको छ । यसलाई 5:45 लेखिन्छ । 5:45 लाई पौने छ पनि भनिन्छ ।
	यस घडीमा छोटो सुई 11 र 12 का बिचमा छ । लामो सुईले 5 नजिक 24 मिनेट जनाउने धर्कामा देखाएको छ । त्यसैले यस घडीमा 11 बजेर 24 मिनेट गयो अर्थात् यस घडीमा 11:24 बजेको छ ।

तल दिइएका घडी हेरी समय पत्ता लगाउनुहोस् :

छोटो सुई ______ मा छ ।

लामो सुई ______ मा छ ।

यस घडीमा ______ बजेको छ ।

यस घडीमा छोटो सुई ______ मा छ ।

लामो सुई ______ मा छ ।

यस घडीमा ______ बजेको छ ।

छोटो सुई ______ र ______ को ठिक बिचमा छ ।

लामो सुई ______ मा छ ।

यस घडीमा ______ बजेर ______ मिनेट गयो ।

अर्थात् यस घडीमा ______ बजेको छ ।

छोटो सुई ______ र ______ का बिचमा छ ।

लामो सुई ______ मा छ ।

यस घडीमा ______ बजेर ______ मिनेट गयो ।

अर्थात् यस घडीमा ______ बजेको छ ।

घण्टा, मिनेट र सेकेन्ड

पढ्नुहोस् र छलफल गर्नुहोस् :



यो घडीमा तीनओटा सुईहरू छन् ।

छोटो सुईले घण्टा जनाउँछ । त्योभन्दा लामो सुईले मिनेट र मसिनो सुईले सेकेन्ड जनाउँछ ।

लामो सुईले घडीमा 1 फन्को लगाउँदा 60 मिनेट हुन्छ । मसिनो सुईले 1 फन्को लगाउँदा 60 सेकेन्ड हुन्छ ।

1 घण्टामा 60 मिनेट र 1 मिनेटमा 60 सेकेन्ड हुन्छन् ।

1 मिनेट = 60 सेकेन्ड

1 घण्टा = 60 मिनेट

माथिका घडीमा छोटो सुई 4 र 5 का बिचमा 5 को नजिक छ ।

लामो सुई 9 मा छ ।

मसिनो (सेकेन्ड) सुई 2 मा छ । अर्थात् 10 सेकेन्ड देखाएको छ ।

त्यसैले यस घडीमा 4 बजेर 45 मिनेट 10 सेकेन्ड गएको छ ।

यसलाई छोटकरीमा | 4:45:10 | लेखिन्छ ।

घण्टा, मिनेट र सेकेन्ड

पढ्नुहोस् र छलफल गर्नुहोस् :



यस घडीमा छोटो सुई 2 र 3 का बिचमा 3 को नजिक छ ।

लामो सुईले 9 को नजिक अर्थात् 44 मिनेट जनाउने धर्कामा देखाएको छ । मसिनो सुईले 6 र 7 का बिचमा 34 सेकेन्ड जनाउने धर्कामा देखाएको छ ।

त्यसैले यस घडीले देखाएको समय 2 बजेर 44 मिनेट 34 सेकेन्ड (2:44:34) हो ।



बायाँपट्टिको घडीमा छोटो सुई 10 र 11 का बिचमा छ ।

लामो सुईले 6 र 7 का बिचमा अर्थात् 32 मिनेट देखाएको छ ।

मसिनो सुईले 8 अर्थात् 40 सेकेन्ड देखाएको छ ।

त्यसैले यस घडीमा 10 बजेर 32 मिनेट 40 सेकेन्ड गएको छ ।

यस घडीले देखाएको समय 10:32:40 हो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका फुटबल, क्रिकेट जस्ता खेलहरू खेल्ने स्थान र बैङ्कमा समयलाई देखाउन यसरी घडी राखिएको हुन्छ । यसरी समय देखाउन कहाँ कहाँ घडी राखेको देख्नुभएको छ, छलफल गरी लेख्नुहोस् :

तलका घडी हेरी कति बज्यो लेख्नुहोस् :

☐ बजेर ☐ मिनेट ☐ सेकेन्ड गयो ।

4:40:30

☐ बजेर ☐ मिनेट ☐ सेकेन्ड गयो ।

: :

☐ बजेर ☐ मिनेट ☐ सेकेन्ड गयो ।

: :



☐ बजेर ☐ मिनेट ☐ सेकेन्ड गयो ।

: :



☐ बजेर ☐ मिनेट ☐ सेकेन्ड गयो ।

: :



☐ बजेर ☐ मिनेट ☐ सेकेन्ड गयो ।

: :

☐ बजेर ☐ मिनेट ☐ सेकेन्ड गयो ।

: :



☐ बजेर ☐ मिनेट ☐ सेकेन्ड गयो ।

: :

तल दिइएका घडीहरू हेरी छलफल गर्नुहोस् :



शिक्षक : माथिको घडीमा हेर्नुहोस् त, कति बजेको रहेछ ?

विद्यार्थी A : 10 बजेर 45 मिनेट 30 सेकेन्ड गयो ।

विद्यार्थी B : डिजिटल घडीमा पनि 10:45:30 बजेको छ ।

शिक्षक : यस घडीमा कति बजेको छ त ? →



विद्यार्थी C : 11 बजेर 10 मिनेट 25 सेकेन्ड गयो ।

शिक्षक : उक्त समयलाई कसरी लेखिन्छ ?

विद्यार्थी : 11:10:25 लेखिन्छ ।

१. तल दिइएको घडीमा अङ्कहरू लेखी कोठामा दिइएको समय जनाउन घन्टा, मिनेट र सेकेन्ड सुई बनाउनुहोस् :



8:15:25



11:40:12



1:35:45



3:30:45

२. दिइएको घडी हेरी खाली ठाउँ भर्नुहोस् :



छोटो सुई ____ मा छ ।

लामो सुई ____ मा छ ।

मसिनो सुई ____ मा छ ।

यस घडीमा ____ बजेर ____ मिनेट ____ सेकेन्ड गयो ।

यसलाई छोटकरीमा ____ लेखिन्छ ।



छोटो सुई ____ मा छ ।

लामो सुई ____ मा छ ।

मसिनो सुई ____ मा छ ।

यस घडीमा ____ बजेर ____ मिनेट ____ सेकेन्ड गयो ।

यसलाई छोटकरीमा ____ लेखिन्छ ।

३. तलका घडी हेरी कति बज्यो लेख्नुहोस् :

____ बजेर ____ मिनेट ____ सेकेन्ड गयो ।

: :

____ बजेर ____ मिनेट ____ सेकेन्ड गयो ।

: :

____ बजेर ____ मिनेट ____ सेकेन्ड गयो ।

: :

____ बजेर ____ मिनेट ____ सेकेन्ड गयो ।

: :

चार अङ्कसम्मका सङ्ख्याहरू देवनागरी पद्धतिमा

संसारको सबैभन्दा अग्लो स्थानमा रहेको ताल तिलिचो ताल हो । यो ताल समुद्र सतहदेखि ४९१९ मिटर उचाइमा अवस्थित छ । यो हाम्रो देश नेपालको मनाङ जिल्लामा रहेको छ ।

पढ्नुहोस् र छलफल गर्नुहोस् :

सबैभन्दा ठुलो सङ्ख्या	एक थप्दा	सबैभन्दा सानो सङ्ख्या
 १ अङ्कको - ९ (नौ)	१	२ अङ्कको - १० (दश)
 दुई अङ्कको - ९९ (उनान्सय)	१	 ३ अङ्कको - १०० (सय)
 ३ अङ्कको - ९९९ (नौ सय उनान्सय)	१	 ४ अङ्कको - १,००० (एक हजार)

ब्लकहरू गन्नुहोस् र लेख्नुहोस् :



दश	एक
८	०

८० असी



दश	एक

------------ ------------



सय	दश	एक

------------ ------------



सय	दश	एक

------------ ------------



सय	दश	एक

------------ ------------



सय	दश	एक

------------ ------------

अक्षरमा दिइएका सङ्ख्यालाई सङ्ख्याङ्कमा लेख्नुहोस् :

एक सय नब्बे :

पाँच सय पचास :

आठ सय पचहत्तर :

सात सय पैंतिस :

नौ सय एकान्नब्बे :

तीन सय सतसट्ठी :

चार सय अट्ठाइस :

छ सय त्रिचालिस :

दिइएका सङ्ख्याङ्कहरूलाई अक्षरमा लेख्नुहोस् :

२००	
१४५	
२८०	
२५६	
७८९	
७८५	
८६७	
९४७	
९५८	
९९९	

हिन्दु अरेबिक सङ्ख्याङ्कन पद्धतिमा १००० सम्मका सङ्ख्याहरू (अक्षरमा)

तल दिइएको तालिका अध्ययन गर्नुहोस् :

देवनागरी सङ्ख्याङ्क (Devanagari Numeral)	हिन्दु अरेबिक (Hindu Arabic)	
	सङ्ख्याङ्क (Numeral)	अक्षरमा (In words)
१००	100	One hundred
२००	200	Two hundred
३००	300	Three hundred
४००	400	Four hundred
५००	500	Five hundred
६००	600	Six hundred
७००	700	Seven hundred
८००	800	Eight hundred
९००	900	Nine hundred
१०००	1000	One thousand

तल अक्षरमा दिइएका सङ्ख्याहरूलाई हिन्दु अरेबिक सङ्ख्याङ्कन पद्धतिअनुसार सङ्ख्याङ्कमा लेख्नुहोस् :

अक्षरमा	सङ्ख्याङ्कमा
Three hundred fifty	350
Four hundred fifty	
Five hundred fifty	
Six hundred eighty	
Seven hundred fifty	

अक्षरमा	सङ्ख्याङ्कमा
Eight hundred	
Eight hundred seventy five	
Nine hundred	
Nine hundred ninety nine	

तल दिइएका देवनागरी सङ्ख्याङ्कहरूलाई हिन्दु अरेबिक सङ्ख्याङ्कन पद्धतिअनुसार सङ्ख्याङ्क र अक्षरमा लेख्नुहोस् :

देवनागरी सङ्ख्याङ्क	हिन्दु अरेबिक	
	सङ्ख्याङ्क	अक्षरमा
३००		
५६०		
६०५		
६५५		
६७१		
८८०		
८९२		
९३४		
९५६		
९९१		
९९९		

चार अङ्कसम्मका सङ्ख्याहरू

ब्लकहरू गणना गरी सङ्ख्याङ्क लेखौँ :

हजार	सय	दश	एक
			
१०००	१००	१०	१
१,१११			

यसमा चारओटा स्थानहरू छन्; एक, दश, सय र हजार । सय र हजारलाई कमा (,) ले छुट्याउनुपर्छ ।

ब्लकहरू गणना गरी सङ्ख्याङ्क लेख्नुहोस् :

हजार	सय	दश	एक
			

हजार	सय	दश	एक
			

ब्लकहरू गणना गरी सङ्ख्याङ्क लेख्नुहोस्:



२	हजार	३	सय	२	दश	४	एक

२,३२४



	हजार		सय		दश		एक



	हजार		सय		दश		एक

ब्लकहरू गणना गरी सङ्ख्याङ्क लेख्नुहोस्:



☐ हजार ☐ सय ☐ दश ☐ एक

☐



☐ हजार ☐ सय ☐ दश ☐ एक

☐

सङ्ख्याका घरहरू **(Number houses)** मा रङ लगाइएका कोठा गणना गरी छलफल गर्नुहोस् :



२ हजार, १ सय, ५ दश, ७ एक

२,१५७

सङ्ख्याका घरहरू **(Number houses)** मा रङ लगाइएका कोठा गणना गरी लेख्नुहोस् :





अबाकस हेरी सङ्ख्याङ्क लेख्नुहोस् र पढ्नुहोस् :

हजार सय दश एक



६	०	०	०

६,०००

हजार सय दश एक



हजार सय दश एक



हजार सय दश एक



हजार सय दश एक



हजार सय दश एक



तलका सङ्ख्याङ्कलाई स्थानमान तालिकामा राखी अबाकसमा देखाउनुहोस् :

	हजार	सय	दश	एक	
२,३४५	२	३	४	५	
४,७८०					
५,३२५					
३,१७२					
७,६५१					
८,२०४					
९,१००					

पाँच अङ्कसम्मका सङ्ख्याहरू र स्थानमान

छलफल गर्नुहोस् :







दश हजार	हजार	सय	दश	एक
१	२	३	२	५

यहाँ कुनै एउटा गाउँपालिकाका दुईओटा वडाको जनसङ्ख्या दिइएको छ। त्यसलाई देवनागरी सङ्ख्याङ्कन पद्धतिअनुसार स्थानमान तालिकामा प्रस्तुत गर्नुहोस् :

(क) ३४५२

हजार	सय	दश	एक

(ख) ४३६७

हजार	सय	दश	एक

तल दिइएका सङ्ख्याहरूलाई देवनागरीमा स्थानमान तालिकामा प्रस्तुत गर्नुहोस् :

(क) ७९०५३

दश हजार	हजार	सय	दश	एक

(ख) २९५८१

दश हजार	हजार	सय	दश	एक

(ग) ५८०२५

दश हजार	हजार	सय	दश	एक

(घ) ८६३७३

दश हजार	हजार	सय	दश	एक

(ङ) ७३०९१

दश हजार	हजार	सय	दश	एक

गोलो घेरा (◯) लगाइएको सङ्ख्याको स्थान र स्थानमान लेख्नुहोस् :

५ ४ (८) ७ ५

स्थानः सय स्थानमानः ८००

दश हजार	हजार	सय	दश	एक
५	४	८	७	५

३ २ (६) ७ ८ स्थान : .... स्थानमान : ....

(५) ४ १ ९ २ स्थान : .... स्थानमान : ....

४ २ (८) ४ १ स्थान : .... स्थानमान : ....

४ ३ (०) ५ ६ स्थान : .... स्थानमान : ....

तल दिइएको स्थानमान तालिकाको अध्ययन गरी अङ्कहरूको स्थानमान लेख्नुहोस् :

दश हजार	हजार	सय	दश	एक
४	६	५	२	३

देवनागरी सङ्ख्याङ्क : ....

४ को स्थान : .... ४ को स्थानमान : ....

६ को स्थान : .... ६ को स्थानमान : ....

५ को स्थान : .... ५ को स्थानमान : ....

२ को स्थान : .... २ को स्थानमान : ....

३ को स्थान : .... ३ को स्थानमान : ....

दश हजार	हजार	सय	दश	एक
७	२	०	१	९

देवनागरी सङ्ख्याङ्क : ....

७ को स्थान : .... ७ को स्थानमान : ....

२ को स्थान : .... २ को स्थानमान : ....

० को स्थान : .... ० को स्थानमान : ....

१ को स्थान : .... १ को स्थानमान : ....

९ को स्थान : .... ९ को स्थानमान : ....

हिन्दु अरेबिक सङ्ख्याङ्क (Hindu Arabic numeral)

छलफल गर्नुहोस् :

Thousands	Hundreds	Tens	Ones
			
3	4	0	5

Hindu Arabic numeral: 3405

Ten Thousands	Thousands	Hundreds	Tens	Ones
				
1	2	3	4	5

Hindu Arabic numeral: 12,345

1	2	3	4	5

Place	Place value
Ones	5 ones = 5
Tens	4 tens = 40
Hundreds	3 hundreds = 300
Thousands	2 thousands = 2000
Ten thousands	1 ten thousand = 10000

तल दिइएको स्थानमान तालिका (Place value table) को अध्ययन गरी हिन्दु अरेबिक सङ्ख्याङ्कमा लेख्नुहोस् । अङ्कहरूको स्थानमान पनि लेख्नुहोस् :

1.

Thousands	Hundreds	Tens	Ones
2	4	6	7

Hindu Arabic numeral: ____________

Place of 2: ______ Place value of 2: ______

Place of 4: ______ Place value of 4: ______

Place of 6: ______ Place value of 6: ______

Place of 7: ______ Place value of 7: ______

2.

Thousands	Hundreds	Tens	Ones
4	0	7	5

Hindu Arabic numeral: ____________

Place of 4: ______ Place value of 4: ______

Place of 0: ______ Place value of 0: ______

Place of 7: ______ Place value of 7: ______

Place of 5: ______ Place value of 5: ______

3.

Thousands	Hundreds	Tens	Ones
5	8	3	2

Hindu Arabic numeral: ____________________

Place of 5: [ ] Place value of 5: [ ]

Place of 8: [ ] Place value of 8: [ ]

Place of 3: [ ] Place value of 3: [ ]

Place of 2: [ ] Place value of 2: [ ]

4.

Thousands	Hundreds	Tens	Ones
8	4	9	5

Hindu Arabic numeral: ____________________

Place of 8: [ ] Place value of 8: [ ]

Place of 4: [ ] Place value of 4: [ ]

Place of 9: [ ] Place value of 9: [ ]

Place of 5: [ ] Place value of 5: [ ]

तल दिइएका सङ्ख्याहरूलाई हिन्दु अरेबिकमा स्थानमान तालिकामा प्रस्तुत गर्नुहोस् :

a. 2,345

b. 5,610

c. 30,456

d. 95,215

सङ्ख्या निर्माण खेल

खेलाडी सङ्ख्या : २ समूह
आवश्यक सामग्री : स-साना ढुङ्गाहरू, कापी र कलम ।

खेल्ने तरिका



१. कक्षाकोठा बाहिर चउरमा माथि चित्रमा देखाएझै एक, दश र सयको वृत्ताकार रूपमा खेलपाटी बनाई विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् ।
२. प्रत्येक समूहलाई १०-१० ओटा स-साना ढुङ्गाहरू लिन भन्नुहोस् ।
३. कुन समूहले पहिले खेल सुरु गर्ने निक्यौंल गर्नुहोस् ।
४. एक समूहले आफ्नो समूहमा भएका ढुङ्गाहरू पालैपालो खेलपाटीमा विस्तारै फ्याँक्न लगाउनुहोस् । ती ढुङ्गाहरू कुन कुन स्थानमा कति कतिओटा रह्यो ? गन्न र लेख्न भन्नुहोस् ।
५. उक्त ढुङ्गाहरूको आधारमा कति सङ्ख्या बन्यो ? लेख्न लगाई उक्त सङ्ख्या कुन हो, भन्न लगाउनुहोस् । सही सङ्ख्या लेखेर भनेमा एक अङ्क प्रदान गर्नुहोस् ।
६. एवम् रूपबाट अर्को समूहलाई पनि अभ्यास गराउनुहोस् ।
७. यसरी १० पटकसम्म पालैपालो खेल खेल्न भन्नुहोस् ।
८. यसरी खेल खेल्दा जुन समूहले धेरै पटक सही सङ्ख्या लेखी भन्न सक्छ उक्त समूहलाई बिजयी घोषणा गर्नुहोस् ।

नोटः विद्यार्थी सङ्ख्याअनुसर दुई भन्दा बढी समूहमा प्रत्येकले ढुङ्गा फ्याँक्न पाउने गरी समूहमा विद्यार्थी सङ्ख्या राखेर खेलाउन पनि सकिन्छ ।

सङ्ख्याहरूको तुलना

छलफल गर्नुहोस् :



=, '<' र '>' चिह्नको प्रयोग

अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

निलम र फुर्वासँग सय, दश र एकका ब्लकहरू छन् । उनीहरूमध्ये कोसँग कति कति छन् र कोसँग बढी रहेछन् भनी एकआपसमा छलफल भएछ ।







१३६ < २३४ लाई पढ्दा "१३६, २३४ भन्दा सानो छ" भनेर पढिन्छ । निलमसँग भन्दा फुर्वासँग ब्लकहरू धेरै रहेछन् ।

तुलना गर्नुहोस् :



हजार सय दश एक

४२४४



हजार सय दश एक

४ २ ३ ४

४०००	=	४०००
२००	=	२००
४०	>	३०
४२४४	(>)	४२३४

ठुलो स्थानदेखि अङ्कहरू तुलना गर्दै जानुहोस् !

ब्लकहरू गनी सङ्ख्या लेख्नुहोस् र ◯ मा =, '>' अथवा '<' चिह्न राख्नुहोस् :





[ ]	◯	[ ]

अबाकसअनुसारका सङ्ख्याहरू लेखी तुलना गर्नुहोस् र ◯ मा =, '>' अथवा '<' चिह्न प्रयोग गर्नुहोस् :



हजार सय दश एक



हजार सय दश एक



हजार सय दश एक



हजार सय दश एक

छलफल गर्नुहोस् :

१२५५ ४३२५

१००० २००० ३००० ४००० ५००० ६००० ७००० ८००० ९०००

४३२५ (>) १२५५

तल दिइएका सङ्ख्याहरूलाई सङ्ख्यारेखामा देखाई तुलना गर्नुहोस् :

५२१३ र ५२११

५२१० ५२११ ५२१२ ५२१३ ५२१४ ५२१५ ५२१६ ५२१७ ५२१८ ५२१९

५२१३ ◯ ५२११

२०२० र २०४०

२०१० २०२० २०३० २०४० २०५० २०६० २०७० २०८० २०९०

२०२० ◯ २०४०

७४३५ र ७४५३

७४१० ७४२० ७४३० ७४५० ७४६० ७४७० ७४८० ७४९० ७५००

७४३५ ◯ ७४५३

'मिटरमा' दिइएका नेपालका हिमालहरूको उचाइ अध्ययन गर्नुहोस् :

मकालु : ८,४६३

कञ्चनजङ्घा : ८,५८६

धौलागिरि : ८,१६७

अन्नपूर्ण : ८,०९१


माछापुच्छ्रे : ६,९९३

ल्होत्से : ८,५१६

मनास्लु : ८,१६३

चो ओयु : ८,२०१

दिइएका हिमालको उचाइसँग सम्बन्धित सङ्ख्याहरू ☐ मा लेख्नुहोस् । प्रत्येक जोडी हिमालको उचाइ तुलना गर्नुहोस् र ○ मा '>' अथवा '<' चिह्न लेख्नुहोस् :

मकालु ८,४६३	>	माछापुच्छ्रे ६९९३
कञ्चनजङ्घा ☐	○	ल्होत्से ☐
धौलागिरि ☐	○	मनास्लु ☐
अन्नपूर्ण ☐	○	चो ओयु ☐

सङ्ख्याको ढाँचा

नवराजको दैनिक कमाइ अध्ययन गरी छलफल गर्नुहोस् :

आइतबार	सोमबार	मङ्गलबार	बुधबार
रु. ६००	रु. ७००	रु. ८००	रु. ९००
बिहीबार	**शुक्रबार**	**शनिबार**	
रु. १०००	रु. ११००	रु. १२००	

म प्रत्येक दिन रु. १०० थप कमाउँदै जान्छु ।

आइत	सोम	मङ्गल	बुध	बिही	शुक्र	शनि
६००	७००	८००	९००	१०००	११००	१२००

+१०० +१०० +१०० +१०० +१०० +१००

सङ्ख्याको ढाँचा पूरा गर्नुहोस् :

१०	१२	१४	१६	१८	२०

\+ ☐ \+ ☐ \+ ☐ \+ ☐

१०	१५	२०		

\+ ☐ \+ ☐ \+ ☐ \+ ☐

१०	२०	३०	४०	५०

\+ ☐ \+ ☐ \+ ☐ \+ ☐

१००	२००	३००		

\+ ☐ \+ ☐ \+ ☐ \+ ☐



श्याम र प्रेमाबिचको कुराकानी पढ्नुहोस् र छलफल गर्नुहोस् :

२	७	१२	१७	२२			

श्याम ! माथिका सङ्ख्याहरूको क्रम कसरी राखिएको छ ?

सङ्ख्याहरू बढ्दो क्रममा छन् ।

प्रेमा ! पहिलो दुईओटा र दोस्रो दुईओटा लगातार आउने सङ्ख्याहरूको नियम के होला ? पहिलोभन्दा दोस्रो कतिले बढेको छ ? त्यसै गरी दोस्रोभन्दा तेस्रो नि ?

श्याम ! मैले थाहा पाएँ प्रत्येक अगिल्लोभन्दा ५ ले बढी छ ।

प्रेमा ! त्यसो भए अन्तिम तीन सङ्ख्याहरू के होलान् !

श्याम ! २२+५ = २७, २७+५ = ३२, ३२+५ = ३७

बिल्कुलै ठिक छ प्रेमा !

सङ्ख्याका ढाँचाहरू पूरा गर्नुहोस् :

६	८	१०	१२	१४				
१२	१५	१८	२१					
४५	५०	५५	६०					

तल दिइएका सङ्ख्याका ढाँचाहरू पूरा गर्नुहोस् :

२	४	६	८	१०				
१५	२०	२५	३०	३५	४०			
३०	४०	५०	६०	७०	८०			
१	३	५	७	९	११	१३		
५	९	१३	१७	२१	२५	२९		
५	११	१७	२३					
१०	२२	३४	४६	५८				
१००	२००	३००	४००					
१०१	३०१	५०१	७०१					
१००२	१३०२	१६०२						
९९९	१०९९	११९९	१२९९					

४ को फरकमा आउने सङ्ख्यालाई गोलो घेरा (◯) लगाउनुहोस् :

१	२	३	४	५	६	७	८	९	१०	११	१२
१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४
२५	२६	२७	२८	२९	३०	३१	३२	३३	३४	३५	३६
३७	३८	३९	४०	४१	४२	४३	४४	४५	४६	४७	४८
४९	५०	५१	५२	५३	५४	५५	५६	५७	५८	५९	६०

६ को फरकमा आउने सङ्ख्यालाई गोलो घेरा (◯) लगाउनुहोस् :

१	२	३	४	५	६	७	८	९	१०	११	१२
१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४
२५	२६	२७	२८	२९	३०	३१	३२	३३	३४	३५	३६
३७	३८	३९	४०	४१	४२	४३	४४	४५	४६	४७	४८
४९	५०	५१	५२	५३	५४	५५	५६	५७	५८	५९	६०

तल दिइएका सङ्ख्याहरूको ढाँचा पूरा गर्नुहोस् :

					
१	३	६	१०		

					
१	४	९	१६		

हेरौँ, मैले कति सिकेँ ?

१. तल दिइएका सङ्ख्याङ्कलाई अक्षरमा र अक्षरलाई सङ्ख्याङ्कमा लेख्नुहोस् :

देवनागरी सङ्ख्याङ्क	अक्षरमा
४५३	
	दुई सय बिस
७८०	
	पाँच सय दुई

२. तल दिइएका हिन्दु अरेबिक सङ्ख्याङ्कलाई अङ्ग्रेजी साङ्ख्यिक नाममा र अङ्ग्रेजी साङ्ख्यिक नाम लेखिएकालाई सङ्ख्याङ्कमा लेख्नुहोस् :

हिन्दु अरेबिक सङ्ख्याङ्क	अङ्ग्रेजीमा साङ्ख्यिक नाम
574	
	Two hundred seven
804	
	Five hundred eighty nine

३. गोलो घेरा लगाइएको अङ्कको स्थान र स्थानमान लेख्नुहोस् :

३ (२) १ ५ ६ स्थानः .... स्थानमानः ....

७ ८ (९) १० स्थानः .... स्थानमानः ....

(६) २ १ ५ ६ स्थानः .... स्थानमानः ....

हेरौं, मैले कति सिकें ?

४. तल दिइएका सङ्ख्याहरूलाई तुलना गरी ☐ मा '=', '>' अथवा '<' चिह्नमध्ये उपयुक्त चिह्न राख्नुहोस् :

५२९	☐	४३८	८५४	☐	९५४
७८१	☐	७९१	७०५	☐	७०५

५. दिइएका अङ्कहरू प्रयोग गरी तीन अङ्कले बनेका कुनै तीनओटा सङ्ख्याहरू लेख्नुहोस् । सबैभन्दा सानो र सबैभन्दा ठुलो सङ्ख्या पनि लेख्नुहोस् :

२, ४, ५ ☐ ☐ ☐

सबैभन्दा सानो सङ्ख्या ☐

सबैभन्दा ठुलो सङ्ख्या ☐

६. तलको सङ्ख्याको ढाँचा पूरा गर्नुहोस् :

				
४	६			

१००१	२००१	३००१		

९०९१	९१९१	९२९१		

शिक्षकको दस्तखत

अभिभावकको दस्तखत

सङ्ख्याहरूको बढ्दो र घट्दो क्रम

अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

जनता आधारभूत विद्यालयको कक्षा १ देखि ५ सम्मका विद्यार्थी सङ्ख्या यसप्रकार छ :

कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
३५	३०	४५	२५	१८



सङ्ख्या रेखामा भएका सङ्ख्याहरूलाई, बायाँबाट दायाँतिर लेख्दा,

१८, २५, ३०, ३५, ४५

सङ्ख्या रेखामा भएका सङ्ख्याहरूलाई, दायाँबाट बायाँतिर लेख्दा,

४५, ३५, ३०, २५, १८ हुन्छ ।

ए ! १८, २५, ३०, ३५, ४५ त सानोदेखि ठुलोको क्रममा रहेछ ।

४५, ३५, ३०, २५ र १८ ठुलोदेखि सानो क्रममा रहेछ हगी !

हो । तिमीले ठिक भन्यौ ।

दिइएका सङ्ख्याहरूलाई बढ्दो र घट्दो क्रममा लेख्नुहोस् :

१. २३४५ ६५१४ ३२५७

बढ्दो क्रम :	२३४५	३२५७	६५१४
घट्दो क्रम :	६५१४	३२५७	२३४५

२. १३४५ २०५७ २१८१

बढ्दो क्रम :			
घट्दो क्रम :			

छलफल गर्नुहोस् ।

१, ३, ५ र ६ बाट बन्न सक्ने चार अङ्कका सङ्ख्याहरू के के होलान् ?

१३५६, ३१५६ र ५१३६ हुन्छन् ।

५३१६ र ६३१५ पनि हुन्छ ।

६५३१, ५६३१, ...
ए ! यस्ता सङ्ख्याहरू त अरू पनि हुँदा रहेछन् ।

दिइएका अङ्कहरूको स्थान बदलेर फरक फरक सङ्ख्याहरू बनाउन सकिन्छ ।

सिताले लेखेका सङ्ख्याहरूलाई बढ्दो क्रममा राख्दा १३५६, ३१५६ र ५१३६ हुन्छ । घट्दो क्रममा राख्दा ५१३६, ३१५६ र १३५६ हुन्छ ।

हिसाब गर्नुहोस्

(क) २, ५, ७ र ८ बाट बन्ने चार अङ्कका कुनै तिनओटा सङ्ख्याहरू लेखेर बढ्दो र घट्दो क्रममा लेख्नुहोस् ।

(ख) ३, २, ० र ६ ले बन्ने चार अङ्कका कुनै तिनओटा सङ्ख्याहरू लेखेर बढ्दो र घट्दो क्रममा लेख्नुहोस् ।

दिइएका अङ्कहरू प्रयोग गरी चार अङ्कका कुनै तीनओटा सङ्ख्याहरू बनाई बढ्दो र घट्दो क्रममा लेख्नुहोस् :

१. (५, १, ७, ८) ______ ______ ______

बढ्दो क्रम ____, ____, ____

घट्दो क्रम ____, ____, ____

२. (२, ०, ३, ५) ______ ______ ______

बढ्दो क्रम ____, ____, ____

घट्दो क्रम ____, ____, ____

३. (९, १, ०, ४) ______ ______ ______

बढ्दो क्रम ____, ____, ____

घट्दो क्रम ____, ____, ____

४. (९, ६, ४, २) ______ ______ ______

बढ्दो क्रम ____, ____, ____

घट्दो क्रम ____, ____, ____

तल दिइएका सङ्ख्याहरूलाई सङ्ख्या रेखामा राखी दिइएको क्रममा लेख्नुहोस् :

(क) २९००, ४९००, ४२००



बढ्दो क्रम : ______, ______, ______

(ख) २९९०, ३४००, २८९०

घट्दो क्रम : ______, ______, ______

(ग) ४६९०, ४१२०, ४४५०

बढ्दो क्रम : ______, ______, ______

(घ) ६७५०, ६५९०, ७१३०

घट्दो क्रम : ______, ______, ______

स्थानीय सङ्ख्याङ्कन पद्धति

तलको तालिकामा नेपालमा प्रचलित केही स्थानीय सङ्ख्याङ्कन पद्धतिहरूअनुसार १ देखि १० सम्मका सङ्ख्याङ्क दिइएका छन् । उक्त सङ्ख्याहरू अध्ययन गरी कक्षामा छलफल गर्नुहोस् :



www.narchives.gov.np/

स्रोतः राष्ट्रिय अभिलेखालय, रामशाहपथ

हाम्रो देशमा विभिन्न स्थानमा प्रचलनमा आएका सङ्ख्याङ्कहरू विभिन्न लिपिमा खोजी गर्न सकिन्छ ।

जस्तैः

देवनागरी	स्वेमा
रञ्जना	सन्थाल
सम्भोटा	उर्दु
मिथिलाक्षर	बाङ्ला
तिरहुता	गुरुमुखी
कैथी	रोमन
सिरिजङ्गा	
अखा	

आफ्नो क्षेत्रमा प्रचलित कुनै एक स्थानीय सङ्ख्याङ्कन पद्धतिमा १ देखि २० सम्मका सङ्ख्याहरू लेख्नुहोस् :

रोमन सङ्ख्याङ्क

अध्ययन गर्नुहोस् :

प्रमिलाले विद्यालयको अफिस कोठामा दायाँतिर देखाइएको जस्तै घडी देखिछन् । उनले आफूलाई गणित बढाउने शिक्षकसँग घडीमा लेखिएका सङ्केतका बारेमा सोधिछन् । शिक्षकले तलको तालिका बनाई रोमन सङ्ख्याङ्क, देवनागरी सङ्ख्याङ्क र हिन्दु अरेबिक सङ्ख्याङ्कका बारेमा बताउनुभएछ :

हिन्दु अरेबिक सङ्ख्याङ्क	1	2	3	4	5	6	7	8	9	10	11	12
देवनागरी सङ्ख्याङ्क	१	२	३	४	५	६	७	८	९	१०	११	१२
रोमन सङ्ख्याङ्क	I	II	III	IV	V	VI	VII	VIII	IX	X	XI	XII

तल दिइएका देवनागरी सङ्ख्याङ्कहरूलाई रोमन सङ्ख्याङ्कमा लेख्नुहोस् :

१	२	५	७	१०	११

३	४	६	८	९	१२

तल दिइएका हिन्दु अरेबिक सङ्ख्याङ्कहरूलाई रोमन सङ्ख्याङ्कमा लेख्नुहोस् :

2	5	7	4	8	12	10

भिन्न

पढ्नुहोस् र छलफल गर्नुहोस् :

रमा पल्लो घरको साथीकहाँ गएकी थिइन् । साथीकी आमाले पापड पोलेको देखिन् ।

आमा पापड खाने !

म पनि खाने !

पापड त एउटा मात्र छ । त्यसो भए म तिमीहरूलाई आधा आधा दिन्छु है ।

मैले आधा पाएँ ।

मैले पनि आधा पाएँ ।



कुनै सिङ्गो वस्तुलाई बराबर टुक्राहरूमा भाग लगाएर टुक्रालाई जनाउन भिन्नको प्रयोग गरिन्छ ।

मैले पाएको आधालाई भिन्नका रूपमा कसरी लेख्ने ?



एउटा सिङ्गो वस्तुलाई जति बराबर टुक्राहरूमा बाँडिन्छ । ती बराबर टुक्राहरूको जम्मा सङ्ख्यालाई हर भनिन्छ । यहाँ हर २ हो ।

एउटा सिङ्गो वस्तुको केही भाग बुझाउने सङ्ख्यालाई अंश भनिन्छ । यहाँ १ टुक्रा पाएकाले अंश १ हो ।

वसन्तले एउटा रोटी दुई बराबर भाग लगाई आधा रोटी बहिनीलाई दिए । बहिनीले रोटी खान मानिनन् । बहिनीलाई दिएको रोटी पनि आफैँले खाए । उनले रोटीको कति भाग खाए ?



दुईओटा आधा

१

$\frac{२}{२}$ = १ (सिङ्गो)

यहाँ २ भागहरूमा दुवै आफैँले खाएकाले
हर र अंश बराबर भयो ।
भिन्नमा लेख्दा $\frac{२}{२}$ भयो । यसलाई १ लेखिन्छ ।

तल दिइएका सिङ्गोलाई रेखा तानी आधा गर्नुहोस् :



तल दिइएका भिन्नले जनाउने भागमा रङ लगाउनुहोस् :



$\frac{२}{२}$ $\frac{१}{२}$ $\frac{२}{२}$ $\frac{१}{२}$

पढ्नुहोस् र छलफल गर्नुहोस् :

एउटा रोटी चार जनाले बराबर बाँडेर खाऔँ ।



$\frac{४}{४}$ चार चौथाइ

सबिना	धन	आले	लखन
एक चौथाइ	एक चौथाइ	एक चौथाइ	एक चौथाइ
$\frac{१}{४}$	$\frac{१}{४}$	$\frac{१}{४}$	$\frac{१}{४}$



सबिना र धनले गरी जम्मा कति भाग खाए ?



४ भागमा २ भाग खाए ।

दुई चौथाइ $\frac{२}{४}$

दुई चौथाइलाई आधा पनि भनिन्छ ।

सबिना, धन र आलेले गरी जम्मा कति भाग खाए ?



४ भागमा ३ भाग खाए ।

तीन चौथाइ $\frac{३}{४}$

तल दिइएका चित्रहरूमा छाया पारिएको भाग हेरी भिन्नमा लेख्नुहोस् :



तल दिइएका भिन्नलाई चित्रमा छाया पारी देखाउनुहोस् :



उर्मिलाले एउटा लामो रिबन बराबर भागमा काटेर आफू र आफ्ना दुई छोरीहरू उषा र मनितालाई बाँडिन् । प्रत्येकले कति पाए ?

उषा	उर्मिला	मनिता

उर्मिला		

$\frac{१}{३}$ (एक तिहाइ)

	उषा	मनिता

$\frac{२}{३}$ (दुई तिहाइ)

जोडा मिलाउनुहोस् :

१/२	दुई तिहाइ
१/४	आधा
३/४	तीन चौथाइ
१/३	एक चौथाइ
२/३	एक तिहाइ



१/४

१/३

१/२

२/३

३/४

दिइएको भिन्नलाई छाया पारी देखाउनुहोस् :



१/२ आधा



१/४ एक चौथाइ



२/३ दुई तिहाइ



३/४ तीन चौथाइ



१/४ एक चौथाइ



२/४ दुई चौथाइ

तल दिइएका भिन्नहरूलाई जनाउने चित्र बनाई छाया पारी देखाउनुहोस् :

$\frac{१}{२}$	$\frac{१}{४}$
$\frac{१}{३}$	$\frac{२}{३}$
$\frac{३}{४}$	$\frac{२}{४}$
$\frac{३}{३}$	$\frac{४}{४}$

तल दिइएका प्रत्येक चित्रमा रङ्गाइएको भागलाई जनाउने भिन्न लेख्नुहोस् । (◯) मा '>' अथवा '<' चिह्न लेख्नुहोस् :

चित्र	भिन्न	
	$\frac{१}{२}$ $\frac{१}{४}$	$\frac{१}{२}$ (>) $\frac{१}{४}$
	$\frac{.........}{.........}$ $\frac{.........}{.........}$	— ◯ —
	$\frac{.........}{.........}$ $\frac{.........}{.........}$	— ◯ —

दिइएका भिन्नहरूलाई चित्र हेरी तुलना गर्नुहोस् र '>' वा '<' चिह्न प्रयोग गरी लेख्नुहोस् :



दिइएका भिन्नहरूलाई चित्र हेरी तुलना गर्नुहोस् र '>' वा '<' चिह्न प्रयोग गरी लेख्नुहोस् :



छलफल गर्नुहोस् र लेख्नुहोस् :

१. चित्रमा कतिओटा केराहरू छन् ? ________

२. कतिओटा हरियो केरा छन् ? ________

३. हरियो केराको सङ्ख्यालाई भिन्नमा लेख्नुहोस् । ________

४. पहेँलो केराको सङ्ख्यालाई भिन्नमा लेख्नुहोस् । ________

तल दिइएको भिन्नको आधारमा उदाहरणमा दिइएजस्तै गरी घेरा लगाउनुहोस् :



आधा १/२

एक तिहाइ १/३

दुई तिहाइ २/३

तीन चौथाइ ३/४

आधा १/२

तल दिइएको भिन्नका आधारमा घेरा लगाउनुहोस् :



एक तिहाइ १/३



दुई तिहाइ २/३



आधा १/२



आधा १/२



एक चौथाइ १/४



दुई चौथाइ २/४



दुई चौथाइ २/४



तीन चौथाइ ३/४



आधा १/२

वस्तुको लम्बाइ

रुलरको प्रयोग गरी तलका वस्तुका चित्रहरू कति लामा छन्, नाप्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् :

(क)		(ख)	
(ग)		(घ)	
(ङ)		(च)	

छलफल गर्नुहोस् :

तलको चित्र वस्तुको लम्बाइ नाप्न प्रयोग गरिने टेपको हो । छोटो वस्तुको लम्बाइको नाप सेन्टिमिटर एकाइ र लामो वस्तुको लम्बाइको नाप मिटर एकाइमा नापिन्छ । कक्षाकोठाको लम्बाइ, घरको उचाइ, ढोकाको उचाइ आदि नाप्न मिटर एकाइको प्रयोग गरिन्छ ।





कक्षाकोठामा आफू बस्ने बेन्च कति लामो होला ?

बेन्चको लम्बाइ सेन्टिमिटर एकाइमा नाप्न सकिएला त ?

सकिन्छ तर मिटर एकाइमा नाप्न उपयुक्त हुन्छ ।



कक्षाकोठामा झुन्ड्याइएको पाटी कति लामो होला ?

यसको उचाइ कति होला ?



यो गलैँचा २ मि. ५० से.मि.लामो छ ।



तपाईँको कक्षाकोठामा भएका तलका वस्तुहरूको लम्बाइ नाप्नुहोस् :

पाटी	टेबुल
बेन्च	कुर्सीको बस्ने भाग

तपाईँको घर, कोठा र घरको सुत्ने कोठामा भएका वस्तुहरूको लम्बाइ नाप्नुहोस् :

खाटको लम्बाइ	सुत्ने कोठाको लम्बाइ
घरको लम्बाइ	टेबुलको सतहको लम्बाइ
सिरकको लम्बाइ	दराजको लम्बाइ
मोबाइलको लम्बाइ	टेलिभिजनको लम्बाइ

आफ्नो वरिपरि भएका कुनै आठओटा वस्तुहरूको नाप सेन्टिमिटरमा र अन्य आठओटा वस्तुहरूको नाप मिटरमा नापेर लेख्नुहोस् :

वस्तुहरूको लम्बाइको अनुमान गर्नुहोस् :



यो दायाँपट्टिको चित्र कापीको हो ।

कापीको सँगैका दुईओटा किनाराको नाप फरक फरक छ ।

ठाडो भागको लम्बाइ धेरै होला कि तेर्सो भागको ?

यसको ठाडो भागको लम्बाइ कति सेन्टिमिटर होला ?

यसको तेर्सो भागको लम्बाइ कति सेन्टिमिटर होला ?

दायाँपट्टिको चित्र कलमको हो ।

यो कति लामो होला ?

यो कलम १२ से.मि.लामो होला त ?

यो कलम ५ से.मि.लामो होला ?

यो कलम २० से.मि.लामो होला ?



यो चकटी र टेबुलको चित्र हो ।

चकटी कति लामो होला ?

टेबुलको सतहको किनारा कति लामो होला ?

टेबुल र चकटीमा कुनको लम्बाइ धेरै होला ?

तपाईँसँग भएका तलका वस्तुहरूको नाप अनुमान गरी ठिक (√) चिनो लगाउनुहोस् :

	४ से.मि. ☐	७ से.मि. ☐	१२ से.मि. ☐	१६ से.मि. ☐
	५ से.मि. ☐	१० से.मि. ☐	२० से.मि. ☐	३० से.मि. ☐
	२० से.मि. ☐	३० से.मि. ☐	५० से.मि. ☐	८० से.मि. ☐

तल दिइएका वस्तुहरूको लम्बाइ अनुमान गरी नापेर जाँच्नुहोस् :

वस्तु	अनुमानित लम्बाइ	वास्तविक लम्बाइ	फरक

तपाईँको आफ्नो उचाइ अनुमान गर्नुहोस् र नापेर वास्तविक उचाइ पत्ता लगाउनुहोस् :

अनुमानित उचाइ	वास्तविक उचाइ

लम्बाइको अनुमान गर्नुहोस् :



माथिको चित्रमा विद्यार्थी र घरबिचको दुरी कति होला ?

विद्यालयबाट गाईहरू कति टाढा होलान् ?



यस टेबुलको माथिको सतहको लम्बाइ २ मिटर छ । अर्कोतिरको लम्बाइ कति होला ?

पलङ्को लम्बाइ कति छ ?



तल दिइएका वस्तुहरूको लम्बाइ अनुमान गर्नुहोस् र नाम लिएर जाँच्नुहोस् :

वस्तु	अनुमानित नाप	वास्तविक नाप	फरक
आफ्नो कक्षाकोठाको लम्बाइ			
विद्यालय भवनको लम्बाइ			
विद्यालय खेल मैदानको लम्बाइ			
आफू बस्ने बेन्चको लम्बाइ			

तल दिइएका वस्तुहरूको लम्बाइ अनुमान गर्नुहोस् र नाप लिएर जाँच गर्नुहोस् :

वस्तु	अनुमानित नाप	वास्तविक नाप	फरक
पलङ्को लम्बाइ			
सुत्ने कोठाको लम्बाइ			
कोठाको दराजको लम्बाइ			
भान्साकोठाको लम्बाइ			

हेरौं, मैले कति सिकें ?

१. १, ४ र ३ बाट बन्ने कुनै तीनओटा सङ्ख्याहरू लेख्नुहोस् र ती सङ्ख्याहरूलाई बढ्दो क्रम र घट्दो क्रममा लेख्नुहोस् :

सङ्ख्याहरू :

बढ्दो क्रम :

घट्दो क्रम :

२. दिइएका भिन्नहरूलाई चित्रमा रङ भरेर देखाउनुहोस् :



आधा



एक चौथाइ



तीन चौथाइ



दुई चौथाइ

३. आफ्नो वरपर भएका वस्तुहरूको लम्बाइ अनुमान गरी तल दिइएका नापहरूसँग मिल्दो नाप भएका एक एकओटा वस्तुको नाम लेख्नुहोस् :

1 मिलिमिटर 1 सेन्टिमिटर 1 मिटर

४. कुनै एउटा स्थानीय सङ्ख्याङ्कन पद्धतिमा १ देखि 10 सम्मका सङ्ख्याहरू लेख्नुहोस् :

५. एउटा वस्तुलाई बराबर हुने गरी टुक्रामा भाग लगाइएको छ । रङ्गाइएका टुक्राहरूले जनाउने भिन्नहरू लेखी तुलना गर्नुहोस् :



.... ○ ....



.... ○ ....

६. तल दिइएका भिन्नहरूका आधारमा घेरा लगाउनुहोस् :



१/२



२/३



१/३

शिक्षकको दस्तखत

अभिभावकको दस्तखत

रेखाहरू

गीत गाऔँ :

रेखा, कोण, त्रिभुज, चतुर्भुज




किताब कापी झिकौँ साथी, खोलौँ अब झोला,
रेखासँग खेलौँ साथी, के के बन्छ होला ?
एकआपसमा छलफल गर्दै, जाने पछि छोड,
दुई सिधा रेखा जोड्दा, बन्छ साथी कोण ।

कोणमा चिह्न लगाऔँ साथी, नगरौँ है बेर,
तीन भुजा जोडेँ मैले, त्रिभुज बन्यो हेर ।
चारतिर धर्के धर्का, कोरौँ अब साथी,
चार भुजे आकृति त बन्छ, निकै खाँटी ।




बन्द आकृतिलाई हेर साथी, के भन्छन् हो सुन ?
चतुर्भुज भन्छन् साथी, मनमनै गुन ।
दुईमा कोण, तीन त्रिभुज, चार चतुर्भुज,
यी त सबै ज्यामितीय आकृति हुन्, बुझ ।



सिधा रेखा, वक्र रेखा, खेलौँ मिलाएर,
ज्यामितीको संसारमा, रमाउँ हामी हेर ।

थोप्लाहरू जोडेर आकृति पूरा गर्नुहोस् र त्रिभुजमा रातो, वृत्तमा निलो र चतुर्भुजमा पहेँलो रङ भर्नुहोस् :



टेबुल वरिपरि भेला हुनुहोस् । चार कुना र सिधा किनाराहरू छुनुहोस् :

हातमा सलाईको बट्टा लिई किनाराहरू छुनुहोस् :

रुलर प्रयोग गरी सलाईको बट्टाका किनाराहरू नाप्नुहोस् :



चित्र हेरी सलाईको बट्टाका किनाराको नाप लेख्नुहोस् :



______ सेन्टिमिटर

______ सेन्टिमिटर



सिसाकलमको टुप्पो कागजमा राखेर उठाउँदा बन्ने थोप्लो (•) बिन्दु हो ।

चराको चित्रमा आँखा बुझाउने गरी थोप्ला दिनुहोस् :

माछाको चित्रमा आँखा बुझाउने गरी थोप्ला दिनुहोस् :



बन्द आकृतिभित्र कुनै दुई ठाउँमा थोप्ला दिनुहोस् :



थोप्लाहरू प्रयोग गरी आकृति बनाउनुहोस् :

रुलरको सहायताले दिइएका दुई बिन्दु (थोप्ला) हरू जोडी रेखाखण्डहरू खिच्नुहोस् :



रुलर प्रयोग गरी माथिका रेखाखण्डहरूको नाप लिनुहोस् र लेख्नुहोस् :

P देखि Q सम्म जोड्ने रेखाखण्डलाई PQ ले जनाउँदा,

PQ = ... से.मि.

A देखि B सम्म जोड्ने रेखाखण्डलाई AB ले जनाउँदा,

AB = ... से.मि.

C देखि D सम्म जोड्ने रेखाखण्डलाई CD ले जनाउँदा,

CD = ... से.मि.

दिइएको सिसाकलमको लम्बाइको नाप अनुमान गरी लेख्नुहोस् । त्यसपछि रुलर प्रयोग गरी वास्तविक नाप लेख्नुहोस् :

सिसाकलमको अनुमानित नाप : ________ से.मि.

वास्तविक नाप : ________ से.मि.

दिइएका रेखाखण्डहरूको लम्बाइ अनुमान गरी लेख्नुहोस् । त्यसपछि रुलर प्रयोग गरी वास्तविक नाप लेख्नुहोस् :

(क) ______________ अनुमानित नाप [ ] सेन्टिमिटर

वास्तविक नाप [ ] सेन्टिमिटर

(ख) __________________ अनुमानित नाप [ ] सेन्टिमिटर

वास्तविक नाप [ ] सेन्टिमिटर

(ग) __________ अनुमानित नाप [ ] सेन्टिमिटर

वास्तविक नाप [ ] सेन्टिमिटर

(घ) ____________________ अनुमानित नाप [ ] सेन्टिमिटर

वास्तविक नाप [ ] सेन्टिमिटर

दिइएका नापअनुसारका रेखाखण्डहरू खिची नाम लेख्नुहोस् :

३ से.मि. C ———— D

यो रेखाखण्ड CD हो ।

२ से.मि.

४ से.मि.

६ से.मि.

८ से.मि.

१० से.मि.

५ से.मि.

७ से.मि.

तल चित्रमा दिइएको जस्तैगरी रुलरको सहायताले १ सँग १, २ सँग २, ३ सँग ३ गर्दै १० सँग १० जोड्नुहोस् :





कोणहरू

नोर्वुको लट्ठी भाँचिदा कस्तो आकृति बन्यो, छलफल गर्नुहोस् :

भाँचिएको लट्ठीमा

कतिओटा कुना छन् ? ☐



कहाँ कहाँ कोणहरू बनेका छन् ? छलफल गर्नुहोस् ।







तपाईंहरूको वरिपरि कहाँ कहाँ कोण बनेका देख्नुभएको छ ? कुनै चारओटा अवस्था लेख्नुहोस् :

१.		२.	
३.		४.	

अध्ययन गर्नुहोस् :

तलका बिन्दुहरूलाई A देखि B सम्म रुलर प्रयोग गरी जोडौँ । त्यसै गरी B देखि C सम्म पनि जोडौँ । यसरी बनेको आकृतिलाई कोण भनिन्छ ।



रेखाखण्ड AB र रेखाखण्ड BC बिन्दु B मा मिलेका छन् । बिन्दु B लाई कोणको शीर्षबिन्दु भनिन्छ ।

बिन्दुहरू A र C अन्तिम बिन्दुहरू हुन् । कोणको नाम लेख्दा, कोणको शीर्षबिन्दुहरूको नामलाई बिचमा र छेउका बिन्दुहरूको नामलाई छेउमा राखेर लेखिन्छ ।

माथिको कोणको शीर्षबिन्दु B लाई बिचमा राखी नाम लेख्दा,

∠ABC वा ∠CBA



- कोणलाई सङ्केत ∠ प्रयोग गरी लेखिन्छ ।
- ∠ABC लाई कोण ABC भनेर पढिन्छ ।

चित्रमा देखाए जसरी सबैले आफ्नो हात उठाउनुहोस् :



हातलाई खुम्च्याउँदा बनेको आकृति पनि कोण हो । हातको पाखुरा र नाडीलाई भुजा र कुहिनालाई शीर्षबिन्दु मान्न सकिन्छ ।



भुजा AB र भुजा BC शीर्षबिन्दु B मा मिलेर ∠ABC बनेको छ ।

भुजा, शीर्षबिन्दु र कोणको नाम लेख्नुहोस् :



भुजाहरू : _______ र _______

शीर्षबिन्दु : _______

कोण : ∠ _______



भुजाहरू : _______ र _______

शीर्षबिन्दु : _______

कोण : ∠ _______



भुजाहरू : _______ र _______

शीर्षबिन्दु : _______

कोण : ∠ _______



भुजाहरू : _______ र _______

शीर्षबिन्दु : _______

कोण : ∠ _______



भुजाहरू : _______ र _______

शीर्षबिन्दु : _______

कोण : ∠ _______



भुजाहरू : _______ र _______

शीर्षबिन्दु : _______

कोण : ∠ _______

दुईओटा सिन्काहरूलाई भुइँमा जोडेर राख्नुहोस् । एउटालाई स्थिर राखी अर्कालाई तल देखाए जसरी घुमाउनुहोस् । यसरी घुमाउँदा बनेको फटाइमा आएको अन्तर अवलोकन गर्नुहोस् :





जियोबोर्ड र रबरब्यान्डको प्रयोग गरी विभिन्न नापका कोणहरू बनाउनुहोस् । अवलोकन गरी साना तथा ठुला कोण छुट्याउनुहोस् :

तल दिइएजस्तै ठुलो कोणमा रङ भर्नुहोस् :

१.





२.





३.





४.





रुलर प्रयोग गरी बिन्दुहरू जोडी कोण रचना गर्नुहोस् :





कुन कोण ठुलो बन्यो ? ∠ ______

कुन कोण सानो बन्यो ? ∠ ______

तल दिइएअनुसार कोणहरू बनाउनुहोस् :

∠ABC

∠DEF

समकोण (Right angle)

तपाईंको ज्यामिति बाकस (Instrument box) भित्र भएका तल चित्रमा देखाइएका जस्ता जोडी उपकरण लिनुहोस् र छलफल गर्नुहोस् :



(क) यी दुवै उपकरण त्रिभुज आकारका छन् । यी उपकरणलाई सेट स्क्वायर भनिन्छ ।

(ख) यी दुवै उपकरणका कुनाहरूलाई क्रमैसँग खप्ट्याउँदै जाने हो भने एउटा कुनामा बनेका कोणहरू बराबर हुन आउँछन् ।

(ग) ती दुई बराबर नापका कोणहरूको आकार  छ, यसको कुनामा बनेको कोणलाई समकोण भनिन्छ ।

(घ) समकोण जनाउने कोणलाई सङ्केतमा ∟ लेखिन्छ ।

(ङ) सेट स्क्वायरको प्रयोगबाट कुनै कोण समकोण भए नभएको जाँच गर्न सकिन्छ ।

(च) तपाईंको पाठ्यपुस्तक र कापीका पानाका प्रत्येक कुनामा समकोण आकृति बनेको हुन्छ ।

तपाईंको वरपर भएका वस्तुहरूमा कहाँ कहाँ समकोण आकृति बनेको छ खोजी गरी लेख्नुहोस् :

कागज पट्याई समकोण नाप्ने उपकरण बनाउनुहोस् :



समकोण नाप्ने उपकरण प्रयोग गरी समकोण पत्ता लगाउनुहोस् । कुनै कुनै कोणहरू समकोणभन्दा साना वा ठुला पनि छन् कि ? तल दिइएका कोणहरू कस्ता कस्ता छन्, तुलना गर्नुहोस् :

गेडागुडी प्रयोग गरी फरक फरक खाली कागजको पानामा समकोण, समकोणभन्दा ठुलो र समकोणभन्दा सानो कोण बनाउनुहोस् । यसरी कोणहरू बनाउँदा कसरी बनाउनुभयो । समूहमा छलफल गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् :



ज्यामितीय आकारहरू

त्रिभुज

छलफल गर्नुहोस् :



छलफल गर्नुहोस् :

तीनओटा खम्बामा लुगा सुकाउने डोरी टाँगिएको छ । एउटा लोखर्के A स्थानबाट B हुँदै C सम्म पुगेर फेरि A सम्म आएर एक फन्को लगायो ।





रुलरको प्रयोग गरी दिइएका बिन्दुहरूलाई जोडेर बन्द आकृति बनाउनुहोस्:



छलफल गर्नुहोस् :


A
B
C


सँगैको त्रिभुजलाई त्रिभुज ABC वा Δ ABC भनिन्छ ।


Δ ABC का भुजाहरू कुन कुन हुन् ?
AB, BC र CA हुन् ।
ठिक भन्नुभयो ।
अनि शीर्षबिन्दुहरू कुन कुन हुन् ?
शीर्षबिन्दुहरू A, B र C हुन् ।
ठिक भन्नुभयो ।

भुजाहरू, शीर्षबिन्दुहरू र त्रिभुजको नाम लेख्नुहोस् :

	भुजाहरू: PQ, QR र RP शीर्षबिन्दुहरू: P, Q र R Δ PQR
	भुजाहरू: ____, ____, ____ शीर्षबिन्दुहरू: ____, ____, ____ Δ ______
	भुजाहरू: ____, ____, ____ शीर्षबिन्दुहरू: ____, ____, ____ Δ ______
	भुजाहरू: ____, ____, ____ शीर्षबिन्दुहरू: ____, ____, ____ Δ ______

चतुर्भुज

छलफल गर्नुहोस् :



दिइएको चित्रमा घर र आँगनमा कस्ता आकृतिहरू छन् ?

प्रत्येक आकृतिमा कतिओटा भुजाहरू छन् ? → ४

प्रत्येक आकृतिमा कतिओटा कुनाहरू छन् ? → ४

चार कुना र चार भुजा भएको बन्द आकृतिलाई के भनिन्छ ? → चतुर्भुज

चारओटा सिधा रेखाहरू मिलेर बनेको बन्द आकृतिलाई चतुर्भुज भनिन्छ ।

